## सम्वत् २०८१ साल कार्तिक २ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरू:

१. आन्तरिक मामिला तथा कानुन मन्त्रालयः केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८१ जारी गर्न प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने।

२. सामाजिक विकास मन्त्रालयः दीर्घकालीन पुनःस्थापना गृह विराटनगरको आ. व. २०८१/८२ का लागि १ जना वार्डेन र २ जना कार्यालय सहयोगी पदको अस्थायी दरबन्दी सिर्जना गर्न स्वीकृति प्रदान गर्ने"

## सम्वत् २०८१ साल कार्तिक ७ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरू:

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः न्यूनतम साझा कार्यक्रम, २०८१ सम्बद्ध मन्त्रालयले उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः मन्त्रिपरिषद्, कानून, न्याय तथा प्रदेश मामिला समितिको बैठकबाट परिमार्जन भएको "प्रदेश सिँचाइ नियमावली, २०८१" स्वीकृत गर्ने।

३. आर्थिक मामिला तथा योजना मन्त्रालयः प्रदेश सरकार र वित्तीय समानीकरण अनुदान स्रोतमा चालू खर्च शीर्षकहरूमा विनियोजन भएको रकमबाट १० प्रतिशत पुग्ने गरी बजेट कटौती गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा समर्पण गर्ने र समर्पण भई आएको रकमबाट आर्थिक मामिला तथा योजना मन्त्रालयले मर्मत सम्भार तथा पुनःनिर्माण कोषमा रु ४० करोड रकम जम्मा गर्ने।

४. आर्थिक मामिला तथा योजना मन्त्रालयः सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी (दोस्रो संशोधन) निर्देशिका, २०८१ स्वीकृत गर्ने।

५. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः आश्विन महिनामा परेको अविरल वर्षाबाट कोशी प्रदेशका धेरै मानवीय तथा भौतिक संरचनाहरू क्षति भएकोले उक्त प्रकोपबाट प्रभावितहरूलाई राहत उपलब्ध गराउने उदेश्यले मन्त्री र राज्यमन्त्रीको सुरु तलव स्केलको दश दिन बराबरको रकम कट्टी गरी जम्मा गर्ने।



*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

**सम्वत् २०८१ साल कार्तिक २१ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरू:**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः सङ्घीयता कार्यान्वयन तथा प्रदेश कानून निर्माण सम्बन्धी अध्ययन कार्यदल, २०८१ को समयावधि २०८१ साल मंसिर मसान्तसम्म थप गर्ने र म्याद थप भएको अवधि सम्मका लागि कार्यदलको पदाधिकारीले पाउने मासिक पारिश्रमिक लगायतका कार्यमा हुने खर्चका लागि थप २० लाख थप बजेट आर्थिक मामिला तथा योजना मन्त्रालयले निकासा गर्ने।

२. उद्योग, कृषि तथा सहकारी मन्त्रालयः खोरेत रोग नियन्त्रण आयोजना सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने।

३. पर्यटन, वन तथा वातावरण मन्त्रालयः जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय प्रारूप महासन्धिको पक्ष राष्ट्रहरूको २९ औ सम्मेलन (कोप २९) मा सहभागिताका लागि माननीय मन्त्री सदानन्द मण्डल र प्रदेश सचिव विशाल घिमिरेलाई मनोनयन गर्ने।

४. पर्यटन, वन तथा वातावरण मन्त्रालयः कोशी प्रदेश पर्यटन वर्ष, २०८२ सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ स्वीकृत गर्ने।

५. सामाजिक विकास मन्त्रालयः दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताको प्रदेशस्तरीय तयारी तथा व्यवस्थापनका लागि थप बजेट रु ९ करोड उपलब्ध गराउन स्वीकृति प्रदान गर्ने।

६. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः अर्को व्यवस्था नभए सम्मको लागि भौतिक पूर्वाधार विकास मन्त्री एवम् स्वास्थ्य मन्त्री माननीय भूपेन्द्र राईलाई कोशी प्रदेश, प्रदेश सरकारको प्रवक्ता तोक्ने।"

**सम्वत् २०८१ साल कार्तिक २६ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरू:**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश सचिव शरण कुमार पाण्डेलाई उद्योग, कृषि तथा सहकारी मन्त्रालयको प्रदेश सचिवको रिक्त पदमा कामकाज गर्न खटाउने।



*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*